April 16, 2024

National News

प्रमुख समाचार:-

1. लोकसभा चुनावको पहिलो र दोस्रो चरणको लागि विभिन्न राजनीतिक दलका स्टार प्रचारकहरू चुनावी प्रचारप्रसारमा व्यस्त

2. प्रधानमन्त्री एवं वरिष्ठ भाजपा नेता श्री नरेन्द्र मोदीद्वारा बिहारमा दुई चुवावी ऱ्यालीलाई सम्बोधन; कांग्रेस नेतृ प्रियंका गान्धी वाड्राद्वारा असमको जोरहाटमा रोड शो

3. आचारसंहिता लागू भएयता विभिन्न राजनीतिक दल र उम्मेदवारबाट झण्डै दुई सय उजुरी परेको निर्वाचन आयोगको जानकारी

4. संघ लोक सेवा आयोगद्वारा लोकसेवा परीक्षा २०२३ को अन्तिम नतिजा सार्वजनिक

1. Lok Sabha - Campaign

लोकसभा चुनावको पहिलो र दोस्रो चरणको चुनावका लागि विभिन्न राजनीतिक दलका स्टार प्रचारकहरूले जोडतोडले ऱ्याली गरिरहेका छन्। पहिलो चरणको मतदान यही महिनाको १९ तारिक हुँदैछ । प्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले कांग्रेस र उसका सहयोगीहरूले आफ्नो राजनीतिक फाइदाका लागि संविधानलाई हतियारको रूपमा प्रयोग गर्न खोजेको बताउनुभएको छ। आज बिहान बिहारको गयाको गान्धी मैदानमा जनसभालाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, 'भाजपाले संविधान परिवर्तन गर्छ भन्ने जनतालाई भ्रममा पार्न विपक्षी दलहरूले झूटो कथा सिर्जना गरिरहेको छ। उहाँले संविधान कसैले परिवर्तन गर्न नसक्ने बताउनुभयो । पछि पूर्णियामा अर्को सभालाई सम्बोधन गर्दै श्री मोदीले यस क्षेत्रमा अवैध घुसपैठलाई अनुमति दिएर विपक्षले भोट बैंकको राजनीति गरेको र सुरक्षासँग सम्झौता गरेको आरोप लगाउनुभयो।

## 2. PM- West Bengal

प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले आफ्नो सरकारले पश्चिम बंगालमा आदिवासी जनजातिका लागि आठवटा नयाँ विद्यालय निर्माण गरेको बताउनुभएको छ। उहाँले आज एक आदिवासी महिला भारतको राष्ट्रपति भएको बताउनुभयो । उहाँले सत्तारुढ तृणमूल कांग्रेसले दलित र आदिवासी महिलामाथि अत्याचार गरेको आरोप लगाउनुभयो। श्री मोदीले आज पश्चिम बंगालको बालुरघाट लोकसभा निर्वाचन क्षेत्रमा पार्टी उम्मेदवारको समर्थनमा आयोजित विजय संकल्प यात्रा बैठकलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। उहाँले आफ्नो सरकारले सत्तामा आएपछि थप सोलार प्यानल जडान गर्ने विश्वास दिलाउनुभयो जसले गर्दा विद्युत महसुल पूर्ण रूपमा घट्ने छ । उहाँले गरिबका लागि तीन करोड नयाँ घर बनाउने वाचा पनि गर्नुभयो।

## 3. Priyanka - Assam

कांग्रेस नेतृ प्रियंका गान्धी वाड्राले हाल जोरहाट जिल्लामा रोड शो गर्नुभयो। अर्कोतर्फ, टीएमसी प्रमुख र पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले भोलि सिलचरमा प्रचार गर्ने कार्यक्रम छ। आसाममा १४ लोकसभा सिटका लागि तेस्रो चरणमा चुनाव हुँदैछ।

## 4. Election Commisson – Political Parties

निर्वाचन आयोगले आचारसंहिता लागू भएयता विभिन्न राजनीतिक दल र उम्मेदवारबाट झण्डै दुई सय उजुरी परेको जनाएको छ । जसमध्ये १६९ वटा मुद्दामा कारबाही भएको छ । लोकसभा चुनावको घोषणासँगै 16 मार्चदेखि आचारसंहिता लागू भएको हो। विभिन्न राजनीतिक दल र उम्मेदवारले आचारसंहिता पालना गरेकोमा आयोग सन्तुष्ट छ । तर, महिला उम्मेदवारमाथि आपत्तिजनक टिप्पणी गरेको सम्बन्धमा पार्टीका केही नेताहरूलाई आयोगले नोटिस जारी गरेको छ ।

5. J & K Raid

जम्मू कश्मीरमा १९ अप्रिलमा हुन लागेको मतदानअघि राज्यबाट ४ करोड २८ लाख रुपैयाँको नगद र प्रलोभन सामग्री बरामद गरिएको छ। निर्वाचन आयोगको निर्देशनमा देशव्यापी रुपमा सञ्चालन गरिएको अभियानअन्तर्गत निकायले यस्तो कारबाही गरेको हो । आकाशवाणी रेडियोका जम्मू संवाददाताले जम्मु कश्मीरमा निर्वाचन आयोगले उपलब्ध गराएको तथ्याङ्कअनुसार १ करोड २५ लाख रुपैयाँको नगद, ६३ लाख रुपैयाँ २४ हजार लिटर रक्सी, २ करोड ३५ लाख रुपैयाँको नशालु पदार्थ बरामद भएको जानकारी दिएका छन्। राज्यबाट २५ हजार ८ सय रुपैयाँ मूल्यका बहुमूल्य धातु र ५६ लाख रुपैयाँ बराबरको उपहार बरामद भएको छ।

6. AAP Arvind

आम आदमी पार्टीले आज दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवाललाई जेलमा दुर्व्यवहार गरेको आरोप लगाएको छ। पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै पार्टी नेता श्री सञ्जय सिंहले भन्नुभयो, श्री अरविन्द केजरीवालकी पत्नी र पञ्जाबका मुख्यमन्त्री श्री भगवन्त मानलाई मात्र सिसाको झ्यालले विभाजित कोठामा भेट्न अनुमति दिइएको थियो। उहाँले प्रधानमन्त्री श्री नरेन्द्र मोदीमाथि प्रतिशोधको राजनीति गरेको आरोप लगाउनुभयो। उहाँले थप भन्नुभयो, कुनै पनि दबाबले श्री अरविन्द केजरीवाललाई तोड्न सक्दैन। श्री सिंहले दिल्लीको आबकारी नीति घोटालामा भाजपाको एकमात्र उद्देश्य भन्नु नै आम आदमी पार्टीलाई नष्ट गर्नु रहेको आरोप पनि लगाउनुभयो।

7. SC – Ramdev

पतञ्जली आयुर्वेदको औषधीजन्य पदार्थको भ्रामक विज्ञापनको सम्बन्धमा सर्वोच्च अदालतले आगामी अप्रिल २३ मा अर्को सुनुवाइ गर्ने भएको छ। सुनुवाईमा योग गुरु रामदेव र आचार्य बालकृष्ण उपस्थित थिए। भारतीय चिकित्सा संघले पतञ्जली आयुर्वेदविरुद्ध याचिका दायर गरेको हो । यसअघि गत अप्रिल १० मा सर्वोच्च अदालतले सोही मुद्दामा योग गुरु रामदेव र आचार्य बालकृष्णलाई बिनाशर्त माफीको माग खारेज गरिदिएको थियो।

## 8. UPSC Results

संघ लोक सेवा आयोगले लोकसेवा परीक्षा २०२३ को अन्तिम नतिजा सार्वजनिक गरेको छ । परीक्षामा आदित्य श्रीवास्तव उत्कृष्ट भएका छन् । उनी IIT Kanpur का स्नातक हुन्। अनिमेष प्रधान दोस्रो र डोनुरु अनन्या रेड्डी तेस्रो भए। शीर्ष 25 जनाको सूचीमा दश जना छात्रा र 15 जना छात्र परेका छन्। आयोगले एक हजार १६ जनाको नाम सिफारिस गरेको छ । जसमध्ये ६६४ पुरुष र ३५२ महिला छन् । यस परीक्षामा करिब ६ लाख उम्मेदवार सहभागी भएका थिए ।

## 9. PM Civil Service

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले लोक सेवा परीक्षा २०२३ मा सफल उम्मेदवारहरूलाई बधाई दिनुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले परीक्षार्थीहरूको कठिन परिश्रम र समर्पणले यस्तो सफलता हासिल गर्न सम्भव भएको बताउनुभएको छ। प्रधानमन्त्रीले यस परीक्षामा सफल हुन नसकेका उम्मेदवारहरूले आफ्ना अगाडि अझै धेरै अवसरहरू छन् भन्ने कुरामा ध्यान दिनुपर्ने औंल्याउनुभयो।

## 10. Chess

भारतका डी. गुकेश अन्तरराष्ट्रिय चेस संघको शीर्ष खेलाडीहरूको सूचीमा पर्न सफल भएका छन्। गए राति क्यानाडा, टोरन्टोको ग्रेट हलमा इयान Nepomniachtchi नेपोम्नियाचीसँग बराबरीको म्याच खेलपछि उनले यस्तो सफलता हासिल गरेका हुन्।

## 11. Cricket T-20

भारतीय क्रिकेट परिषद् (बीसीसीआई) ले बंगलादेशविरुद्धको पाँच खेलको टी–२० अन्तर्राष्ट्रिय शृंखलाका लागि भारतीय महिला क्रिकेट टोलीको घोषणा गरेको छ ।

12. IMD Weather

मौसम विभागले अप्रिल १८ देखि २१ सम्म उत्तरपश्चिम भारतमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित वर्षाको सम्भावना रहेको जनाएको छ । जम्मु, कश्मीर, लद्दाख, गिलगिट, बाल्टिस्तान, मुजफ्फराबाद, हिमाचल प्रदेश र उत्तराखण्डमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। पञ्जाब, हरियाणा, दिल्ली, पश्चिमी उत्तर प्रदेश, पूर्वी राजस्थान र पश्चिमी राजस्थानका केही स्थानमा मेघगर्जन र चट्याङसहित वर्षाको सम्भावना रहेको छ। मौसम विभागले आगामी तीन दिनसम्म ओडिशा, पश्चिम बंगालको गंगा क्षेत्र, उत्तर कोंकण, सौराष्ट्र, तटीय आन्ध्र प्रदेश र तेलंगानाका पृथक क्षेत्रहरूमा लू-को पूर्वानुमान गरेको छ।